# सन्धिखर्क नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय सन्धिखर्क अर्घाखाँची

## लुम्बिनी प्रदेश नेपाल

मिति:२०७८/०१/२०

# सन्धिखर्क नगरपालिकाको अत्यन्त जरुरी सूचना !

प्रस्तुत विषयमा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड- १९) को दोश्रो भेरियन्टको संक्रमण दर यस नगरपालिकामा पनि उच्च रहेको हुँदा यस नगरपालिका मातहातका निकायबाट प्रदान गरिने अत्यावश्यक सेवाहरु बाहेक अन्य सेवा प्रदान गर्ने कार्य अर्को सूचना प्रकाशन नभए सम्मको लागि बन्द गरी देहाय बमोजिमको प्रवन्ध सहित मिति २०७८/१/२० गतेको निर्णय अनुसार यो सूचना प्रकाशन गरिएको छ ।

तपशील:

- बन्द अवधिभर अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने।
- नगरपालिका भित्र रहेका सरकारी तथा निजि स्वास्थ्य संस्थाहरुले स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरी नियमित सेवा सञ्चालन गर्ने।
- नगरपालिका क्षेत्रभित्र सबै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार र खेलकुद जस्ता कार्यक्रमहरु सञ्चालन नगर्ने।
- मठमन्दिर तथा विभिन्न धार्मिक स्थलहरुमा पम्परागत रुपमा गरिने नित्यकर्म बाहेकका सम्पूर्ण धार्मिक , साँस्कृतिक गतिविधिहरु बन्द गर्ने ।
- एम्बुलेन्स, दमकल, शववाहन, फोहरमैलाका साधनहरु, अत्यावश्क खाद्यसामग्री, पशुपंक्षी, तरकारी, फलफुल पेट्रोलियम पदार्थ, निर्माणसामग्री बोकेका सवारी साधन, चिकित्सक तथा स्वास्थ्यकर्मीले सेवा प्रदान गर्न प्रयोग गरिने सवारीका साधनहरु, औषधी तथा स्वास्थ्यसामग्री बोकेका यातयातका साधनहरु र अत्यावश्क सेवाका लागि खटिने साधनहरु बाहेक अन्य सबै प्रकारका साधनहरु सञ्चालन नगर्ने ।
- नगरपालिकाभित्र अत्यावश्यक सेवा (स्वास्थ्य, संञ्चार, विद्युत, खानेपानी र फोहर ) बाहेकका अन्य सबै प्रकारका सेवा बन्द गरी न्यूनतम कर्मचारीको उपस्थितिमा आलोपालो पद्धति अनुसार आन्तरिक व्यवस्थापनका कार्यहरु गर्ने।
- भारत तथा तेश्रो मुलुक र जोखिमपूर्ण क्षेत्रबाट हाल घर फर्कने /फर्केका नगरबासीहरुले अनिवार्य रुपमा कम्तिमा १४ दिन सम्म होम क्वारेन्टाईनमा बस्ने।
- कुनै प्रकारको अफहवा तथा भ्रामक समाचारहरु सम्प्रेषण नगर्ने ।
- कोभिड-१९ सँग मिल्दो जुल्दो लक्षण चिन्हहरु देखिएमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।
- होम आईसोलेसनमा बस्नु भएका कोभिड-१९ पोजेटिभ विरामीहरुको स्वास्थ्यमा कुनै समस्या देखिएमा नजिकको स्वास्थ्य संस्था एवं अस्पतालमा तुरुन्त सम्पर्क गर्ने।
- उल्लिखित सूचना अनुसारको कार्यहरु पालना गर्न गराउनु सबै नगरबासीको कर्तव्य हुनेछ ।यदि कोहि कसैले यस सूचनाको बेवास्ता गरी उल्लंघन गरेको पाईएमा प्रचलित कानुन बमोजिम कडा कारवाही हुने छ ।

मञ्जु खनाल

शाखा अधिकृत

मञ्जु खनाल

शाखा अधिकृत

(अधिकृत स्तर सातौं)